**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः २४ सितम्बर २०२४

समयः १८:५० – १९:०० बजे

**प्रमुख समाचार**

१. पहाडका चियाश्रमिकहरूको पूजा बोनसलाई लिएर डाकिएको बैठक अझै पनि जारी रहेको छ ।

२. आरजी कार अस्पतालमा भएको घटनापछि आरजी कार मेडिकल कलेज अनि कोलकताका अन्य प्रमुख अस्पतालहरूमा सुरक्षाका लागि सीसीटीभीको संख्या बढाइएको छ।

३. भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाको भातृ संगठन नारी शक्तिको चौथो स्थापना दिवस खरसाङमा सम्पन्न भयो ।

४. पर्यटन व्यवसायलाई अझ बलियो बनाउने उद्धेश्यले कालेबुङ डिस्ट्रीक टुरिजम वेलफेयर सोसाइटीको आयोजनामा आगामी 27 सेप्टेम्बरको दिन विश्व पर्यटन दिवस पालन गरिने भएको छ।

५. पहाडका फूटबल खेलाडीहरूलाई प्रोत्साहन गर्न जीटीए इलेभेन फूटबल टोली बनाउनका लागि आगामी २७ सेप्टेम्बरदेखि ४ अक्टोबरसम्म फूटबल प्रतियोगिता हुने भएको छ ।

**बोनस बैठक**

पहाडका चियाश्रमिकहरूको पूजा बोनसलाई लिएर डेप्युटी लेबर कमिश्नरले डाकेको बैठक सिलगडीको दगापुरस्थित श्रमिक भवनमा अझै पनि जारी रहेको जानकारी प्राप्त भएको छ । प्राप्त जानकारी अनुसार आठ वटा श्रमिक संगठनको संयुक्त मंच पार्वतीय श्रमिक संगठन समन्वय मंचका प्रतिनिधीवर्ग, मालिकबर्ग अनि अधिकारीहरूमाझ चलिरहेको बैठकमा मालिक पक्ष 11 प्रतिशतको दरले मात्र बोनस वितरण गर्ने कुरोमा अडीक रहेको छ । अर्कोतिर पार्वतीय श्रमिक संगठन समन्वय मंचका प्रतिनिधीवर्गले 20 प्रतिशत बोनसको माग गरिरहेको बताईएको छ ।

****** ० ******

**गेट सभा**

पहाडका चिया श्रमिकहरूलाई 20 प्रतिशतको दरले पूजा बोनस वितरण गर्नु पर्ने मागलाई लिएर पहाडको विभिन्न चियाबारीमा गेट सभाहरूको शृंखला जारी छ। पहाडको अन्य चियाबारीहरुमा सरह आज मार्ग्रेटसहोप चियाबारीमा बीस प्रतिशत बोनसको माग गर्दै श्रमिकहरूले गेट सभा सम्पन्न गरे। यो बैठक पर्वतीय श्रमिक संगठन समन्वय मञ्चको संयुक्त पहलमा आयोजना गरिएको थियो। गेट मिटिङमा विभिन्न श्रमिक नेताहरूको सहभागिता थियो।

****** ० ******

**अस्पाताल सीसीटीभी**

पश्चिम बङ्गाल सरकारले राज्यका अस्पतालको सुरक्षाका लागि ठूलो कदम चालेको छ । आरजी कार मेडिकल कलेज र कोलकाताका अन्य प्रमुख अस्पतालहरूमा सुरक्षाका लागि सीसीटीभीको संख्या बढाइएको छ। आरजी कार अस्पतालमा भएको घटनापछि डाक्टर र स्वास्थ्यकर्मीहरूले सुरक्षा नपाएको गुनासो गरेपछि जुनियर चिकित्सकहरू ४२ दिनसम्म हडतालमा उत्रेका थिए । आरजी कार मेडिकल कलेजका सबै भवनमा सीसीटीभी जडान गरिने छ । स्रोतका अनुसार अस्पतालमा 190 सीसीटिभी जडान भइसकेका छन् तर सुरक्षालाई ध्यानमा राखेर थप क्यामेरा जडान गरिने भएको छ । प्रारम्भिक चरणमा 500 भन्दा बढी क्यामेरा राख्ने योजना रहेको छए जसमध्ये 100 क्यामेरा जडानको काम शुरु भएको छ । यसबारे स्वास्थ्य विभाग र पुलिसबीच समन्वय रहेको र

अहिले अस्पतालको सुरक्षाका लागि केन्द्रीय बलका तीन कम्पनी र 60 जना पुलिसकर्मी खटाइएको एक वरिष्ठ पुलिस अधिकारीले जानकारी दिनु भएको छ ।

****** ० ******

**प्रवर्तन निदेशालय**

प्रवर्तन निदेशालय (ईडी) को पूर्वी क्षेत्रीय कार्यालयले गत चार वर्षमा ११ हजार पाच सय करोड रुपियाँको ठूलो रकम बरामद गरेको छ। यो रकम ईडीको सबै क्षेत्रीय कार्यालयहरु मध्ये उच्च हो। स्रोतका अनुसार यो रकममध्ये धेरैजसो पश्चिम बङ्गालसँग सम्बन्धित मामिलाबाट बरामद भएको हो। केन्द्रीय एजेन्सीसँग सम्बद्ध एक अधिकारी अनुसार प्राथमिकए उच्च प्राथमिकए माध्यमिक र उच्च माध्यमिक तहमा शिक्षकहरूको भर्तीमा अनियमितताका घटनाहरूमा लगभग ३८० करोड रुपैयाँ असुली भएको छ। स्कूल नोकरी घोटालामा सबैभन्दा अधिक अर्पिता मुखर्जीको दुई निवासबाट 52 करोड रुपियाँ बरामद गरिएको थियो जुन २०२२ मा पश्चिम बंगालका पूर्व शिक्षा मंत्री तथा तृणमूल कांग्रेसका महासचिव पार्थ चटर्जीको नजिकको सहयोगी थिइन्। हाल यस मामिलामा दुवैजना न्यायिक हिरासतमा छन्।

****** ० ******

**अनित थापा**

भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाका अध्यक्ष अनित थापाले नगरपालिका चुनावको तयारी गर्दै नारी शक्तिलाई मिशन खरसाङ, मिशन कालेबुङ अनि मिशन मिरिकको नाराको साथमा अघि बड्ने आव्हान गर्नु भएको छ ᐟ उहाले नारी शक्तिको चौथो स्थापना दिवसको समारोहमा सदस्याहरूलाई स्थापना दिवसको शुभकामना अनि बधाई दिनु हुदै भन्नु भयो ए ष्पुरुष सय प्रतिशत हुन् भने नारी पनि सय प्रतिशत नै हुन्। उहाले नारी सशक्तिकरणको कुरा गर्नेलाई नारी अनि पुरुष समान हुन् भन्ने सोच पनि राख्नु पर्ने बताउनु भयो । भागोप्रमो पार्टीले पहाड़मा पाँचजना नारीहरूलाई पञ्चायत समितिको सभापति बनाएर राखेको बताउनु भयो ।श्

****** ० ******

**नारी शक्ति स्थापना दिवस**

भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाको भातृ संगठन नारी शक्तिको चौथो स्थापना दिवस खरसाङमा सम्पन्न भयो। खरसाङको नयाँ बजारस्थित टाउन सार्वजनिक भवनमा सम्पन्न उक्त चौथो स्थापना दिवस समारोहको अध्यक्षता भारतीय गोर्खा नारी शक्तिको केन्द्रीय अध्यक्षा अनु छेत्री प्रधानले गर्नु भएको थियो भने प्रमुख अतिथिको रुपमा जीटीएको मुख्य कार्यपाल अनित थापा उपस्थित हुनु हुन्थ्यो । कार्यक्रममा जीटीएका प्रमुख कार्यपाल एवं भागोप्रमो अध्यक्ष अनित थापालाई नारी शक्तिको तर्फबाट सम्बर्ध्दना जनाइयो। कार्यक्रममा दार्जिलिङए कालेबुङए मिरिकए खरसाङ क्षेत्रबाट नारी शक्तिको प्रतिनिधिहरू उपस्थित रहेका थिए।

****** ० ******

**कालेबुङ पर्यटन**

पर्यटन व्यवसायलाई अझ बलियो बनाउने उद्धेश्यले कालेबुङ डिस्ट्रीक टुरिजम वेलफेयर सोसाइटीको आयोजनामा विश्व पर्यटन दिवस पालन गरिने भएको छ। आगामी २७ सेप्टेम्बरको दिन कालेबुङको इण्ड्रस्ट्रीयल पार्कमा कार्यक्रम आयोजना गरिएको जहाँ आर्टए फ्लोरिकल्चर आदि कुराहरु पनि समावेस गरिएको आयोजक समितिको पक्षबाट नोर्देन माइकल लेप्चाले जानकारी दिनु भएको छ। उहाले कार्यक्रममा पर्यटनलाई टेवा दिन कार्य गर्ने सङ्गठन तथा समुहलाई सम्बर्द्धना जनाइने बताउनु भएको छ ᐟ यसका साथै भ्लगिङ प्रतियोगिता पनि सम्पन्न हुने उहाले जानकारी दिनु भएको छ।

****** ० ******

**मनबहादुर गुरुङ नाट्य सम्मान**

नाट्यकर्मी ललित तिवारीलाई साहित्यकार स्व. मनबहादुर गुरुङ नाट्य सम्मान २०२४ ले सम्मानित गरिने भएको छ। साहित्यकार मनबहादुर गुरुङको कृति र कार्यलाई स्मरण गर्न मनबहादुर गुरुङ स्मृति प्रतिष्ठानको पहलमा यस वर्षदेखि प्रथम स्व. मनबहादुर गुरुङ स्मृति सम्मानद्वारा नेपाली नाट्य जगतका वरिष्ठ नाट्यकर्मी कलकार ललित तिवारीलाई सम्मानित गरिने भएको छ।

उक्त सम्मान उनको नाट्य क्षेत्रमा दीर्घकालीन योगदान अनि श्रमको कदर गर्दै सम्मानित गरिने भएको छ। स्मरण रहोस, भारतीय नेपाली साहित्यका वरिष्ठ साहित्यकारए नाटककार एव सांगीतज्ञ स्व. मनबहादुर गुरुङको स्मृतिमा साहित्यकार मनबहादुर गुरुङ स्मृति प्रतिष्ठान गठन गरिएको छ। एक प्रखर नाटककार नाट्य कलाकारए कविए संगीतकार मनबहादुर गुरुङको कृति र कर्मलाई स्मरण गर्न तथा उनी माथि अझ काम गर्नलाई यो प्रतिष्ठान गठन गरिएको बताईएको छ ।यसै प्रतिष्ठानको पहल र सोनादा डिग्री कलेजको संयुक्त तत्वावधानमा आगामी २७ सेप्टेम्बरको दिन सोनादा डिग्री कलेजमा नौ वटा विद्यालयहरूलाई लिएर अन्तर विद्यालय तर्क प्रतियोगिता आयोजना पनि गरिने भएको छ। उक्त कार्यक्रममा प्रमुख अतिथिको रुपमा भारतीय नेपाली साहित्यको वरिष्ठ साहित्यकार डा जीवन नामदुङ प्रमुख अतिथिको रुपमा उपस्थित रहने भएको छ।

****** ० ******

**पश्चिम बंगाल-मालगाडी दुर्घटना**

पश्चिम बंगालको जलपाईगडी जिल्ला अन्तर्गत मैनागुडी रेलवे स्टेशन नजिक आज एउटा मालगाडीले लिक छोड्दा दुर्घटनाग्रस्त भएको छ ု यस घटनामा केही डब्बा इन्जिनबाट अलग भएको छ। तथापी कुनै हताहतको रिपोर्ट आएको छैन। मालगाडी छिमेकी राज्य आसामबाट नयाँ जलपाईगडी स्टेशन गैरहेको थियो। अलिपुरद्वार डिभिजनल रेलवे प्रबन्धक अमरजीत गौतमले दुर्घटनाको जाच गरिरहेको बताउनु भयो । उहाले घटनापछि कतिपय रेलको रुट पनि परिवर्तन गरिएको जानकारी गराउनु भएको छ ।

****** ० ******

**सिलगढ़ी - ब्राउन शुगर**

सिलगढ़ी महकुमा अन्तर्गत खोरीबाड़ी थाना पुलिसले ८६ ग्राम ब्राउन शुगरसितै एकजना युवकलाई पक्राउ गरेको छ। पक्रा पर्ने आरोपीलाई राजीभ बाल्मिकी रूपमा चिन्हित गरिएको छ। पुलिस सूत्र अनुसार गए हिजो अबेर राती प्राप्त सूचनाको आधारमा खोरीबारी थानाको पुलिसले पानीट्यांकीस्थित गोरसिंह जोत ओबरब्रिज क्षेत्रमा अभियान चलाएर युवकलाई ८६ ग्राम ब्राउन शुगरसहित पक्राउ गरिएको हो ।
जफ्त गरिएको मादक पदार्थको अनुमानित बजार मूल्य ५० हजार रहेको छ। हाल खोरीबारी थानाको पुलिस अघिल्लो कारबाहीमा जुटेको छ।

****** ० ******

**रक्तदान शिविर**

दार्जीलिंगको साउथफिल्ड कलेज एन एस एस युनिट १ अनि २ साथै साउथफिल्ड कलेज भूतपूर्व विद्यार्थी सङ्गठनको संयुक्त आयोजनामा आज रक्तदान शिविरको सम्पन्न गरियो । शिविरमा एनएसएस युनिटका अधिकारी प्रा. दिवाकर ठटालए प्रा. प्रशान्त गुरूङ अनि भूतपूर्व विद्यार्थी सङ्गठनका सचिव श्रीमती सुप्रभा दोङ साथै अन्य पदाधिकारी अनि विद्यार्थीवर्गको उपस्थिति रहेको थियो। शिविरमा दार्जिलिङ सदर अस्पतालका डाक्टर, सिस्टर अनि टेक्निसियनहरुको सहयोगमा ४० युनिट रगत सङ्ग्रह गरियो। यसैबीच मिरिक महाविद्यालयको राष्ट्रिय सेवा योजना (एन एस एस) ले पनि स्थापना दिवसको अवसरमा रक्तदान शिविरको आयोजना गर्यो ု एनएसएस युनिट एकको पहल अनि रोटरी क्लब सिलगढी साथै रेड क्रस सोसाइटीको सहयोगमा आयोजित शिविरमा लगभग एक सय युनिट रक्त संकलन गरिने उद्देश्य राखिएको थियो।

****** ० ******

**बेलगाछी पुत्ला दहन**

तराईमा रहेका चिया बगानका श्रमिकलाई थाहा नदिई १६: बोनस पास गरेको आरोपमा बेलगाछीमा भारतीय जनता पार्टीद्वारा निष्कासित भएका नेता जुगल झाको पुत्ला दहन गरियो। आज बिहान बेलगाछी चियाबगानका सबै श्रमिकहरु लगायत भाजपाका स्थानीय श्रमिक संगठनका नेताहरू भेला भएर जुगल झाको पुत्तला दहन गरेको जानकारी प्राप्त भएको छ ု

****** ० ******

**जीटीए इलेभेन**

पहाडका फूटबल खेलाडीहरूलाई प्रोत्साहन गर्न जीटीए इलेभेन फूटबल टोली बनाउनका लागि आगामी २७ सेप्टेम्बरदेखि ४ अक्टोबरसम्म फूटबल प्रतियोगिसा भइरहेको छ। जसमा दार्जीलिङए खरसाङ अनि कालेबुङबाट ४.४ वटा टोलीले भाग लिनेछ । यी टोलीहरूबाट उत्कृष्ट खेलको प्रदर्शन गर्नेहरूलाई नै जीटीए इलेभेनमा सामेल गर्ने योजना बनाइएको छ। जीटीएका मुख्य कार्यपाल अनित थापाको विशेष सहयोग अनि निर्देशनमा नै जीटीए इलेभेन फूटबल टोलीको चयन गरिने जानकारी प्राप्त भएको छ ।

****** ० ******